गण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः २० मितिः २०७८/०८/१४

**भाग- २**

**गण्डकी गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गण्डकी गाउँपालिकाले गण्डकी गाउँपालिका पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# गण्डकी गाउँपालिका पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

**प्रस्तावना :**

गण्डकी गाउँपालिकाभित्र पशुपंक्षी व्यवसाय गरिरहेका कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी पशुपंक्षी व्यवसायलाई व्यवसायिकरण र आधुनिकीकरणका लागि प्रोत्साहन गर्न गाउँपालिकाबाट स्वीकृत कृषि तथा पशुपंक्षी विकास क्षेत्रको वार्षिक कार्यक्रम व्यवस्थित, सरलिकृत र पद्धति मूलक रुपले सञ्चालन गर्न बाञ्छनीय भएकोले गण्डकी गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधीको नाम -“पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७८” रहेको छ ।

ख) यो कार्यविधी गण्डकी गाउँपालिका स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

क) “गाउँपालिका” भन्नाले गण्डकी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) “कार्यालय” भन्नाले गण्डकी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) “समिति” भन्नाले दफा ५ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

घ) “फार्म” भन्नाले एकल स्वामित्व वा बहु स्वामित्वमा रही नेपाल सरकारको कुनै निकायमा कानुन बमोजिम दर्ता भएको फार्म सम्झनु पर्दछ ।

ङ) “समूह” भन्नाले कृषि तथा पशु समुह गण्डकी गाउँपालिकामा दर्ता भएको कृषक समूह बुझ्नु पर्दछ ।

च) “कृषक” भन्नाले गण्डकी गाउँपालिकाका पशुपंक्षी पालक कृषकलाई सम्झनु पर्दछ ।

छ) “कार्यक्रम” भन्नाले पशुपन्छी सेवा शाखाको अन्तरिम, वार्षिक तथा बहुवर्षीय कार्यक्रम र गाउँपालिकाको कार्यालयसँग अन्य साझेदारहरुले सम्झौता गरि सञ्चालन हुने कार्यक्रम समेतलाई सम्झनु पर्दछ ।

ज) “श्रोत व्यक्ति” भन्नाले गण्डकी गाउँपालिका पशु विकास शाखाबाट वा कुनै सम्बन्धित निकायबाट आधारभूत तालिम प्राप्त गरि स्रोत फार्म निर्माण गरेको कृषकलाई सम्झनु पर्दछ ।

झ) “शाखा” भन्नाले गण्डकी गाउँपालिकाको पशु शाखा बुझ्नुपर्दछ ।

ञ) “अनुदान” भन्नाले पालिकाले उपलब्ध गराउने बोकाको निश्चित मुल्यको हिस्सा अर्थात पालिकाले विनियोजित गरेको रकम ६०% जनाउने छ ।

ट) “खरिद समिति” भन्नाले गण्डकी गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७७ अनुसार पशुसँग सम्बन्धित सामाग्री तथा बस्तु खरिद गर्न बनाइएको समितिलाइ भनिन्छ ।

## परिच्छेद २
## उद्देश्य

**३. उद्देश्य**

क) गण्डकी गाउँपालिकाले लिएको पशुपन्छी विकास कार्यक्रमहरुको विद्यमान नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख) पशुपालन व्यवसायलाई सहजीकरण प्रवर्द्धन एवं व्यवसायिकरण गर्नको लागि आवश्यक प्रबिधि तथा सिपलाई लक्षित वर्ग सम्म पुर्याउन सहयोग गर्ने ।

ग) पशुपालन व्यवसायबाट थप रोजगारीका अवसरहरु सृजना गरी जीवनस्तर सुधार गर्ने ।

घ) पशुपन्छीको उत्पादन परिमाण र गुणस्तरमा सुधार गर्ने तथा उत्पादन लागतमा न्युनिकरण गर्ने ।

ङ) स्वच्छ मासु, दुध, अण्डा, ऊन आदि उत्पादनमा सहयोग गर्ने ।

च) व्यवसायिक कृषकहरुको पशुपालन लागतमा कम गरी व्यवसायलाई प्रतिस्पर्धात्मक बनाउने ।

छ) पशुपालन कार्यक्रम कार्यान्वयनका लागि कृषक समूह/समिति/सहकारी पशुसेवा तर्फका प्राविधिकहरु बीच समन्वय गरी प्रभावकारी बनाउने ।

ज) पशुपन्छी क्षेत्रको विकास एवं विस्तार गर्न कृषक समूह/समिति/सहकारी र पशुपन्छी फार्महरु लाई उत्प्रेरित गर्ने ।

झ) पशुपंक्षीमा लाग्ने रोगहरुको निदान उपचार र नियन्त्रणमा सहयोग पुऱ्याउने ।

ञ) खाद्य तथा पशु स्वास्थ्य सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने ।

ट) गुणस्तरीय खाद्यबस्तु उत्पादन गरी उपभोक्ताहरुलाई पोषण सुरक्षाको प्रत्याभूति दिलाउने ।

ठ) सिमान्तकृत समुदाय लक्षित पशुपन्छी पालन कार्यक्रम सञ्चालन गरी उनीहरुलाई कृषि क्षेत्रमा सशक्तिकरण तथा मूलप्रवाहिकरण गर्ने ।

ड) पशुपालनमा बिमा कार्यलाई प्रभावकारी बनाउदै लैजाने ।

ढ) नियमन र गुणस्तर व्यवस्थापनमा जोड दिने ।

ण) नेपालका रैथाने घरपालुवा पशुपंक्षीको संरक्षणमा जोड गर्ने ।

त) दीगो वातावरणमैत्री साथै जलवायूको असरलाई न्यूनिकरण गर्ने खालका कार्यक्रममा जोड दिने ।

## परिच्छेद ३
## कार्यक्रम

**४. कार्यक्रम**

आ.व. २०७८/०७९ मा गण्डकी गाउँपालिकामा यस परिच्छेद बमोजिम तपशिलका कार्यक्रमहरु ब्याबसायिक कृषक, फर्म तथा कम्पनी, निजि उद्यमी/ब्यबसायी, सहकारी संस्थाहरुमा सञ्चालन हुनेछ ।

| पशुपंक्षी सेवा शाखा कार्यक्रम | रकम रु. | कैफियत |
|---|---|---|
| **गाउँपालिका तर्फ** | | |
| १) अनुगमन तथा सुपरिवेक्षण | १५०००० | |
| २) ए.आइ. मिसन कार्यक्रम | २००००० | |
| ३) पशुपंक्षी तथा माछा विमा कार्यक्रम | ५००००० | |
| ४) पशुपंक्षीमा पुर्ण खोप | १०००००० | |

| | | |
|---|---|---|
| कार्यक्रम (गाइ/भैसी, बाख्रा, लेयर्स, लोकल कुखुरा, बंगुर/ सुँगुर, कुकुर र बिरालो) | | |
| ५) फरेज मिसनको लागि घास श्रोत केन्द विकास | ५००००० | |
| ६) बंगुर तथा सुँगुर प्रवर्दन कार्यक्रम | ४५०००० | |
| ७) पशुपंक्षी औषधि/ सामाग्रि खरिद | १५००००० | |
| ८) पशुपंक्षी परजिवि नियन्त्रण कार्यक्रम | ७००००० | |
| **जम्मा** | **५०,००,०००** | |
| **वडा कार्यक्रम** | | |
| १) पशु प्राथामिक उपचार तालिम तथा समाग्री वितरण ( वडा -२) | १५०००० | |
| २) व्यवसायिक कृषक तालिम ( वडा -३) | १५०००० | |
| ३) पशु औषधि वितरण कार्यक्रम (वडा -४) | १००००० | |
| ४) जलविरे सहकारी सस्था लिमिटेड दुग्ध सकलन मेशिन खरिद (वडा -७) | २००००० | |
| ५) नश्ल सुधारको लागी जातका वोका खरिद (वडा -८) | ३००००० | |
| ६) दुध ढुवानी अनुदान जनसेवा वहुमुखि सहकारी संस्था लिमिटेड (वडा -८) | ५०००० | |
| **जम्मा** | **९५००००** | |

## परिच्छेद ३

**४.कार्यक्रम**

आ.व. २०७८/७९ मा गण्डकी गाउँपालिकामा यस परिच्छेद बमोजिम तपशिलका कार्यक्रमहरु ब्याबसायिक कृषक, फर्म तथा कम्पनी, निजि उद्यमी/ब्यबसायी, सहकारी संस्थाहरुमा सञ्चालन हुनेछ ।

| पशुपंक्षी सेवा शाखा कार्यक्रम | रकम रु. | कैफियत |
|---|---|---|
| **गाउँपालिका तर्फ** | | |
| १) अनुगमन तथा सुपरिवेक्षण | १५०००० | |
| २) ए.आइ.मिसन कार्यक्रम | २००००० | |
| ३) पशुपंक्षी तथा माछा विमा कार्यक्रम | ५००००० | |

| | | |
|---|---|---|
| ४) पशुपंक्षीमा पुर्ण खोप कार्यक्रम (गाइ/भैसी, बाख्रा, लेयर्स, लोकल कुखुरा, बंगुर/सुँगुर, कुकुर र बिरालो) | १००००० | |
| ५) फरेज मिसनको लागि घास श्रोत केन्द विकास | ५००००० | |
| ६) बंगुर तथा सुँगुर प्रवर्दन कार्यक्रम | ४५०००० | |
| ७) पशुपंक्षी औषधि/सामग्री खरिद | १५००००० | |
| ८) पशुपंक्षी परजिवि नियन्त्रण कार्यक्रम | ७००००० | |
| **जम्मा** | **५०,०००००** | |
| **वडा कार्यक्रम** | | |
| १) पशु प्राथामिक उपचार तालिम तथा समाग्री वितरण ( वडा -२) | १५०००० | |
| २) व्यवसायिक कृषक तालिम ( वडा -३) | १५०००० | |
| ३) पशु औषधि वितरण कार्यक्रम (वडा -४) | १००००० | |
| ४) जलविरे सहकारी सस्था लिमिटेड दुग्ध सकलन मेशिन खरिद (वडा -७) | २००००० | |
| ५) नश्ल सुधारको लागी जातका वोका खरिद (वडा -८) | ३००००० | |
| ६) दुध ढुवानी अनुदान जनसेवा वहुमुखि सहकारी सस्था लिमिटेड (वडा -८) | ५०००० | |
| **जम्मा** | **९५००००** | |

## परिच्छेद ४
## कार्यक्रम सञ्चालन विधि

### ५. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

१. कार्यक्षेत्र : गण्डकी गाउँपालिकाको सबै वडाहरुका कृषक/कृषक समूह/पशुपन्छी फार्म/कृषि सहकारी आदी ।

२. कार्यक्रम सञ्चालन गण्डकी गाउँपालिकाले अनुसूची १ बमोजिम १५ दिनको म्याद राखी प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्नेछ वा स्थानीय पत्रपत्रिका/स्थानीय रेडियो/एफ.एम./सामाजिक सन्जाल, वेभसाइडबाट सुचना प्रवाह गरिनेछ ।

३. प्रस्तावना कृषक/कृषक समूह/फार्म/कृषि सहकारीहरुले शाखा वा वडामा प्रस्तावना रितपूर्वक तोकिएको समयावधी भित्रमा पेश गर्नुपर्नेछ ।

४. वडा कार्यलय वा शाखामा आएका आवेदनहरु शाखाले संकलन गर्नेछ ।
५. प्रस्ताव पेश गर्ने अनुदानग्राहीको फिल्ड अनुगमन सम्बन्धित शाखाका कर्मचारीले गर्नेछ ।

**६. ए.आइ. मिसन कार्यक्रम :**
पहिलो वर्ष यो कार्यक्रम शतप्रतिशत अनुदानमा गरिनेछ । कृतिम गर्भाधान गर्दा कृषकले कुनै पनि रकम तिर्नु पर्ने छैन । कृतिम गर्भाधान गर्दा लाग्ने प्राविधिक तथा अन्य खर्च गाउँपालिकाबाट विनियोजित रकमबाट गरिने छ । कृतिम गर्भाधान कार्यक्रमलाई थप प्रभावकारी गराउन तथा कृतिम गर्भाधान गरी जन्मेका पाडापाडी र बाच्छाबाच्छीको पालन पोषण गर्न यो वर्ष तपशिल बमोजिमको अनुदान दिने व्यवस्था गाउँपालिकाले गर्नेछ ।

- किसानहरुलाई कृतिम गर्भाधान सम्बधि अभिमुखीकरण तालिम प्रदान गर्ने ।
- कृतिम गर्भाधान गरी जन्मिएका पाडापाडी र बाच्छाबाच्छीलाई निशुल्क विमा गरिनेछ ।
- कृतिम गर्भाधान गर्न तथा लिक्युड नाइटोजन ढुवानी गर्न सवारी साधन/इन्धन खर्च गाउँपालिकाले व्यवस्था गर्नेछ ।
- प्राविधिकलाई प्रति महिना १५ लिटर ईन्धन खर्च गाउँपालिकाबाट दिइने छ जसको लागि ए.आई. रेकर्ड कार्डको प्रतिलिपि सहितको बिल भर्पाइ बुझाउनु पर्नेछ ।
- कृतिम गर्भाधानलाई थप प्रभावकारी वनाउन गाउँपालिकाले वडामा काम गर्ने प्राविधिकलाई तालिममा पठाइने छ ।
- कृतिम गर्भाधान पश्चात कृषकहरुलाई ए.आई. रेकर्ड कार्ड अनुसूची -४ अनुरुप प्रदान गरिनेछ ।
- दुध उत्पादन क्षेत्रलाई मध्यनजर गरी वडा नं. ३ आमडाडामा पशु प्रजनन केन्द्र स्थापना गरिनेछ ।

**७. पशुपंक्षी तथा माछा विमा कार्यक्रमः** यो कार्यक्रम अनुदानमा आधारित पशुबिमा कार्यविधि २०७८ अनुसार कार्यन्वयन हुनेछ ।

**८. पशुपक्षिमा पुर्ण खोप कार्यक्रमः**
यस कार्यक्रममा पशुपंक्षी भन्नाले गाइ, भैसी, बाखा, भेडा, बंगुर, सुँगुर, कुकुर, बिरालो, लेयर्स कुखुरा, लोकल कुखुरा पर्दछ । खोप कार्यक्रमको लागि गाउँपालिकाले तपशिल बमोजिमको ब्यबस्था गर्नेछ ।

- सम्बन्धित क्षेत्रका पशु प्राबिधिकले आ-आफ्नो कार्यक्षेत्रका कृषकहरुको घर/गोठमा गई गाई, भैसी, भेडा, बाखा, बंगुर, सुँगुरलाई खोप लगाउन पठाइने छ ।
- लेयर्स कुखुराको सम्बन्धित फर्म/कम्पनीले खरिद गरेको बिल र प्राबिधिकको निगरानीमा खोप वितरण गरिनेछ । सम्पूर्ण जानकारी वडा मार्फत गाउँपालिकाको पशु सेवा शाखामा जानकारी गर्नु पर्नेछ ।
- लोकल कुखुरा संरक्षणको लागि रानीखेतको खोप प्रदान गरिने छ ।
- बंगुर/सुँगुरलाई iron को सुइ समेत दिइनेछ ।
- खोप भण्डारणको लागि गाउँपालिकामा कोल्ड रुम नभए गाउँपालिका भित्रकै निजि क्षेत्र (फर्म/सप्लायर्स/कम्पनी) मार्फत सबै कृषकलाई सहज हुने गरि वितरण गर्ने ब्यबस्था गरिनेछ । जसको लागि निजि क्षेत्रसँग cold chain maintain को लागि जेनेरेटर वा सोलार अनिवार्य हुनुपर्दछ साथै निजि क्षेत्रले सेवा दिए बापत प्रति vial रु. १० का दरले सम्झौता गरि बार्षिक रुपमा प्रदान गरिनेछ ।
- खोप लगाउन आवश्यक सामाग्रीहरु (Syring, gloves, cold chain box) गाउँपालिकाले उपलब्ध गराउनेछ ।

- पशु सेवा उपकेन्द्रहरुमा कोल्ड चेनको लागि refrigerator को ब्याबस्था गरिनेछ ।
- अन्य आवश्यक कागजात गण्डकी प्रदेशको पशुको पूर्ण खोप कार्यक्रम कार्यान्यन कार्यबिधी, २०७६ लाई सम्झनुपर्छ ।

**९. फरेज मिसनको लागि घास श्रोत केन्द विकास:**

गाउँपालिकामा फरेज मिसन कार्यक्रमको लागि बिशेष अनुदानबाट गाउँपालिका स्तरिय खरी बाख्रा बिकास फर्म निर्माण हुने स्थानमा घाँसको स्रोत केन्द्र बिकास गरि अन्य स-साना कृषकहरुलाई ब्यवसायिक बनाउन प्रोत्साहन गरिनेछ जसले गर्दा आगामी आ.ब.बाट घाँसको स्रोत गाउँपालिकामै रहनेछ । साथै त्यस फर्मबाट उत्पादित घाँसहरु घाँस खेती गर्ने किसान तथा फर्महरुलाई सहुलियतमा बिक्रि बितरण गरिनेछ ।

**१०. बंगुर तथा सुँगुर प्रवर्दन कार्यक्रम:**

गाउँपालिकामा बंगुर तथा सूँगुर ब्याबसाय प्रबर्दन कार्यक्रमको लागि बिशेष अनुदानबाट गाउँपालिका स्तरिय कालो सुँगुर बिकास फर्म निर्माण हुने स्थानमा यो कार्यक्रम लागु गरिनेछ । साथै त्यस फर्मबाट उत्पादित पाठापाठीहरु सूँगुर पालक किसान तथा फर्महरुलाई सहुलियतमा बिक्रि बितरण गरिनेछ ।

**११. पशुपंक्षी परजिवि नियन्त्रण कार्यक्रम:**

पशुपंक्षीमा बाह्य तथा आन्तरिक परजिबिका कारण रोग लाग्ने र उत्पादनमा कमि आउनुका साथै सबै कृषकहरुको भेटरिनरी सेवामा पहुँच नपुगेकाले यस कार्यक्रम मार्फत पशु प्राबिधिकले गाउँपालिकाका सबै पशुपंक्षीको गोठमा गइ परजीबी बिरुद्धको सुइ (IVERMECTIN INJCTION) प्रदान गरिनेछ । यसका लागि आवश्यक सामाग्री (Ivermectin injection ,syring , gloves etc) लगायत सामाग्री प्रदान गरिनेछ । कार्यक्रम पश्चात कृषकको बिवरण, पशु तथ्यांक सम्बन्धित प्राबिधिकले पशु सेवा शाखामा पेश गर्नुपर्नेछ ।

**१२. दुध तथा दूधजन्य कार्यक्रम सञ्चालन:**

स्वच्छ, स्वस्थ्य, गुणस्तरिय एवं प्रशोधित दुध तथा दूधजन्य पदार्थहरु आम उपभोक्ता समक्ष सहज र सरल रुपमा पुर्याउन दुधको उत्पादन खस्कन नदिन, उत्पादन बढाउन र गण्डकी गाउँपालिकालाई दुधमा आत्मनिर्भर बनाउन सञ्चालन गरिने दुध सम्बधि उत्पादनमा आधारित अनुदान, संकलन/चिस्यान केन्द्र स्थापना, डेरी उद्योग स्थापना तथा दुध सम्बन्धि गरिने बिबिध क्रियाकलापको लागि कार्यक्रम सञ्चालन गर्न कार्यपालिकाबाट स्वीकृत गरि यो कार्यविधि लागु गरिएको छ ।

**१२.१ सहकारीको मापदण्ड**

क. दैनिक कम्तिमा २० लिटर र बार्षिक कम्तिमा २५० दिनसम्म दुधको कारोवार गर्ने गरेको ।

ख. दैनिक संकलित दुध दुग्ध उत्पादक सहकारी संस्थाले आफैले प्रशोधन गरी वा उद्योगलाई विकि वितरण गरी दुध र दुध जन्य पदार्थहरुको वेचविखनको प्रवन्ध गरेको ।

ग. नियमित रुपमा वार्षिक साधारण सभा र लेखापरिक्षण गर्ने गरेको ।

घ. स्थायी लेखा नं. प्राप्त गरेको र कर चुक्ता गरेको ।

ङ. वडा कार्यालय तथा पशुपंक्षी समन्वय इकाईको सिफारिस संलग्न गरेको ।

च. सहकारीमा आवद्ध सवै कृषकहरुको फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनुपर्नेछ ।

छ. सहकारीमा आवद्ध सवै कृषकहरुले पशु विमा गरेको हुनुपर्नेछ ।

ज. सहकारीको कारोवार गर्ने गरेको दुधको गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनुपर्नेछ ।

झ. सम्वन्धित सहकारीले आफुमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड वनाई पेश गर्नुपर्ने ।

ञ. सहकारी संस्थाहरुले संस्थागत रुपमा दुध विक्रि गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

ट. दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित आर्थिक आधार : दुधमा अनुदान वितरण प्रति लि रु १।०० सम्मका दरले दिने ।
ठ. अनुसुचि ५ अनुसारको संक्षिप्त कार्ययोजना ।
ड. दुध संकलन तथा चिस्यान केन्द्र  स्थापनाको लागि आवश्यक मेसिन जेनेरेटरसहितको चिलिङ भ्याट, मिल्क एनालाईजर आदि मेसिन खरिदको लागि प्राविधिक स्टिमेट गरी सम्बन्धित शाखामा कोटेशन पेश गर्नुपर्नेछ ।

**१३.सुधारिएको वा उन्नत बोका खरिद, उपयोग र व्यबस्थापन**

मासुमा आत्मानिर्भर बनाउनको लागि गाउँपालिकामा विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । मासुमा आत्मनिर्भर हुनको लागी बाख्राको महत्वपूर्ण भूमिका रहेको छ । तर परम्परागत ढंगले पालिदै आएको बाख्राहरु आफ्नै सन्तानहरुसंग हाडनाता प्रजनन भइ रहेको अवस्था बिद्यमान छ, त्यसरी उत्पादित बोकाहरू पुड्का, होचा, ख्याउटे र रोगि हुनुका साथै उत्पादन पनि कम भएको पाइन्छ । यस प्रकारको हाडनाता प्रजनन हुन नदिनका लागि बाहिरबाट ल्याएको उन्नत वा सुधारिएको जातको बोकाहरू जस्तै बोयर, जमुनापारी, सानन, खरी आदिबाट प्रजनन् गराउने प्रचलन निकै लोकप्रिय हुदै आएको छ । सुधारिएको बोकाहरुबाट स्थानीय बाख्राहरुमा प्रजनन् गराएमा बाख्राको नस्ल सुधारमा उल्लेखनिय सुधार भइ उत्पादन र उत्पादकत्वमा समेत उल्लेखनिय वृद्धि हुने देखिन्छ । उन्नत नस्लका बोकाहरुले एउटा समुहका बाख्राहरुलाई प्रजनन् गराउन सकिन्छ । यसरि प्रजनन् गराई बोका तथा बाख्रा छिटो बढ्ने, बढी तौल, रोग कम र बढी आम्दानी समेत दिन्छ । त्यसैले उन्नत बोकाहरुको कसरी प्रभावकारी ढंगले खरिद, उपयोग र व्यबस्थापन गर्न सकिन्छ भन्ने अभिप्रायले यो कार्यविधि तयार पारिएको हो । बोका खरिद प्रकिया सार्वजानिक खरिद ऐन बमोजिम खरिद गर्ने गरी तलको कुनै एक बिधि अपनाउन सकिने छ :

- फर्मलाई कुनै मितिमा कसरि उपलव्ध गराउने हो भन्ने व्यहोरा खुलाई पत्र लेख्ने र सोहि वमोजिम फर्मलाई नै सम्वन्धित स्थानमा ल्याउन जानकारी दिई आवश्यक सहयोग र समन्वय गर्ने,
- पशुपन्छी शाखाका प्राबिधिक कर्मचारी र कृषक समुह वा फर्मको सदस्यको टिम बनाई बोका खरिद गर्ने,
- पशुपन्छी शाखाका प्राबिधिक कर्मचारी तथा छनोट भयको कृषक समुह वा फर्मका संचालक गई बोका खरिद गर्ने ।

यसरी खरिद गरेको बोकाको एकमुष्ट रकम, प्राप्त खरिद बिलको आधारमा लेखा शाखाले सम्वन्धित फर्मको खातामा सिधै जम्मा गर्नेछ । यसरि खरिद गरेको बोका हस्तान्तरणको लागि पशुपंछी शाखा, कृषि विकास समिति र कृषक समुहको रोहबरमा सम्वन्धित समुह, कृषि सहकारी, फर्म आदि लाई भेला गराई आवश्यक सम्झौता वा भरापाई गराई आवश्यक सम्झौता वा भरपाई गरि उपलव्ध गराउनु पर्दछ ।

**कृषक समुह वा फर्मको भूमिका, व्यक्ति छनोट तथा व्यवस्थापन**

बोका व्यवस्थापनको लागि सवन्धित समुहको भूमिका :

- समुहको बैठक बसी वा फर्म ले बोका खरिद गर्नु पुर्ब समुहले व्यहोर्ने रकम संकलन गरी पशुपन्छी शाखामा बुझाउने ।
- कुन सदस्य लाई वा फर्म लाई बोका पाल्न दिने हो निर्णय गर्ने ।
- बोका सहि ढंगले पाले नपालेको अनुगमन गर्ने र बोकाको बिमा अनिवार्य गर्न लगाउने ।
- बोकाको प्रजनन गराए बापत कति रकम/शुल्क लिने हो वा नलिने हो सो को बारेमा निर्णय गर्ने ।

- उन्नत बोकाबाट कति पाठापाठी जन्मिएको हो सोको  रेकर्ड राख्ने ।
- समुहको सदस्य वा फर्मले बार्षिक कति बोका, खसी तथा बाख्रा बिक्री वितरण गरे सोको लागत राख्ने ।
- उन्नत बोकाबाट कति प्रतिशत गुण जन्मेको पाठापाठिमा सर्न गयो भन्ने लागत राख्ने  ।
- उन्नत बोकाहरू उत्पादन गर्ने योजना बनाई कार्यन्वयन गर्ने ।
- बोका राम्रोसंग नपाल्ने सदस्य वा फर्म बोका झिकाई अर्को उपयुक्त फर्म वा सदस्यलाई बुझाउने ।
- लापरबाहीको कारण बोका मर्न गएमा सम्वन्धित सदस्य वा फर्म संग क्षतिपूर्ति भराउने लापरबाही गरेको हो हैन भन्ने सफाई दिने अवसर निज बोका पाल्ने सदस्य वा फर्मलाई दिनेछ ।
- समुह वा फर्म बाहिरको कृषक समूह वा कृषकहरुले बाख्रा प्रजनन गराएमा कति शुल्क लिने भन्ने निर्णय गर्ने र सो मध्य कति समुह कोषमा राख्ने र कति बोका पाल्नेलाई दिने ।

निम्न पूर्वाधार र क्षमता भएको सदस्य वा फर्मलाई बोका पाल्न दिनु पर्दछ :

- आर्थिक रुपले बिपन्न र सामाजिक रुपले पछाडी पारिएको वा परेको बर्ग । प्राप्त डाले वा भुई घाँस भएको ।
- बोका पालन सम्वन्धि रोग तथा  परजिवी नियन्त्रण गर्ने ज्ञान र सिप भएको तालिम लिएको अनुभबी ।
- बोकालाई आवश्यक मात्रामा दाना खुवाउन सक्ने वा खाद्य सामग्री उपलव्ध  गराउने ।
- रोग तथा परजीबी लागेमा सजिलै उपचार गर्न लैजान सकिने स्थान वा प्राबिधिकको पहुँच भएको ।
- बोका पाल्नको लागि जनशक्ति भएको ।
- समय व्यवस्थापन गर्न सक्ने ।

**१४) पशु प्राथामिक उपचार तालिम तथा समाग्री वितरण (वडा नं. -२):**
यस कार्यक्रमबाट पशु सेवा केन्द्र बिकास हुने गरी पशु सेवालाई आवश्यक सामाग्रीहरु ( microscope, dehorning, hoof cutting, rope, burdizzo, apron, debeaking, scissor, vaginal speculum, forcepe, surgical material, cotton, slide etc) जस्ता सामाग्री खरिद गरी पशु प्राथामिक उपचार तालिम सेवा प्रदान गरिनेछ ।

**१५) व्यवसायिक कृषक तालिम (वडा नं. -३)**: यस कार्यक्रमबाट लेयर्स कुखुरा, ब्रोइलर कुखुरा, बाख्रा, भैंसी, वंगुर पालक किसानहरुलाई प्रबिधी र आधुनिक तालिम  प्रदान गर्न आवश्यक सामाग्री (microscope, dehorning, hoof cutting, rope, burdizzo, apron, scissor, forcepe, surgical material, debeaking, vaginal speculum, cotton, slide etc) जस्ता सामाग्री खरिद गरी तालिम सम्पन्न गरिनेछ । साथै तालिम पश्चात उक्त सामाग्री असल छिमेकी बहुउदेश्यिय सहकारी र गण्डकी गाउँपालिकाबाट साझेदारीमा निर्मित भवनमा वडा ३ र ४ लाई पशु सेवा केन्द्र बिकास हुने गरी सेवा प्रदान गरिनेछ ।

**१६) गण्डकी गाउँपालिका सिमान्तकृत (प्रजा, भुजेल, बराम, माझी) र दलित जनसमुदायको गरिबी न्यूनीकरण तथा क्षमता बिकास कार्यक्रम:** नेपाल सरकारबाट आ.व. २०७८/०७९ मा गण्डकी गाउँपालिका सिमान्तकृत (प्रजा, भुजेल, बराम, माझी) र दलित जनसमुदायको गरिबी न्यूनीकरण तथा क्षमता बिकास कार्यक्रम संचालन गर्न बजेट विनियोजित तथा पशुपंक्षि सम्बन्धी कार्यक्रमहरु गण्डकी गाउँपालिकाले आगामी बर्ष देखी स्वामित्व ग्रहण गर्ने गरी निरन्तरता दिइनेछ ।

## परिच्छेद ५
## छनौट प्रक्रिया

### १४. छनौट प्रक्रियाः

१४.१ रित पूर्वक पेश हुन आएका आवेदनहरुको आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदन सेमतलाई दृष्टिगत गरी आधारमा छनौट समितिले प्राथमिकिकरण गर्नेछ ।

छनौट समितिः छनौट समिति देहाय बमोजिम हुनेछः

- गाउँपालिका अध्यक्ष - संयोजक
- गाउँपालिका उपाध्यक्ष –सदस्य
- प्रशासकीय अधिकृत –सदस्य
- योजना शाखा प्रमुख –सदस्य
- वडा नं. ३ का वडा अध्यक्ष - सदस्य
- वडा नं. ६ का वडा अध्यक्ष - सदस्य
- गाउँपालिका पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

  आवश्यक परेको खण्डमा विषय विशेषज्ञता हासिल गरेको व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

१४.२. समितिले आवश्यकता अनुसार शाखाको अन्य कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।

१४.३. वडा स्तरीय कार्यक्रमको हकमा छनौट गर्ने देहाय बमोजिम समिति गठन हुनेछ ।

- वडा अध्यक्ष - संयोजक
- वडा सचिव - सदस्य
- वडा समितिले तोकेको १ महिला सहित २ जना वडा सदस्य - सदस्य
- वडामा हुने शाखाको कर्मचारी - सदस्य सचिव

१४.४. छनौट भएको सूचि प्रकाशित गर्नुपर्नेः पशु सेवा शाखामा प्राप्त आवेदनहरुको आधारमा छनौट समितिले मुल्याङ्कन कार्यालयको website वडा कार्यलयको सुचनापाटीमा प्रकाशन गर्नेछ ।

## परिच्छेद ६
## भुक्तानी प्रक्रिया

### १५. अनुदान रकम र भुक्तानी प्रक्रियाः

१५.१. कार्यक्रम संचालनको लागि पशु सेवा शाखाले निर्णय सिफारिस गरे बमोजिम अनुदान रकम तोकिनेछ । अनुदान बाहेकको खर्च आवेदक आफैले जुटाई कार्यक्रम संचालन गर्नुपर्नेछ ।

१५.२ उपदफा १ बमोजिम अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्ने पर्नेछ ।

- वडा कार्यालयको अन्तिम भुक्तानीका लागि सिफारिसको सक्कल प्रति,
- शाखा वा ;मितिले गरेको अनुगमन प्रतिवेदनको सक्कल प्रति,
- आवश्यक बिल भरपाई,
- अनुदान कार्यक्रम संचालन भएको स्थलको फोटो ३ प्रति,
- समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि,
- भुक्तानीको लागि निवेदन,
- लाभाग्राहिको बैक खाता ।

**१६. अनुगमनः**

- संचालित कार्यक्रमको गाउँपालिका, पशु सेवा शाखा, वडा कार्यालय तथा पशु सेवा केन्द्रले अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

**१७. भुक्तानी दिन बाध्य नहुनेः**

- सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा गाउँपालिकाले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।
- सम्झौता गरेको आर्थिक वर्ष भित्रमा कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

## परिच्छेद ७
## विविध

**१८. बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै द्विविधा भएमा सोको ब्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा हुनेछ ।

## अनुसूचि -१
अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदन

मितिः......

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गण्डकी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
भुम्लीचोक, गोरखा ।

**विषयः कार्यक्रम अनुदान सम्बन्धमा ।**

प्रस्तुत विषयमा गण्डकी गाउँपालिका, पशु सेवा शाखाबाट मिति................. मा प्रकाशित सूचना अनुसार ........... शीर्षक अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न कागजातहरुः**

१. फर्म वा संस्थाले प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा दर्ता भएको प्रमाणपत्र ।
२. सम्बन्धित वडा कार्यालयले कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए के कति अनुदान भएको हो सोको व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
३. समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपि ।
४. आवेदकले आफूले संचालन गर्ने व्यवसायको परियोजना प्रस्ताव ।
५. फर्म वा व्यवसाय संचालनमा रहेको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा प्रचलित नियम बमोजिम सामान्यतय १० वर्ष भाडामा लिएको खुल्ने काजजातको प्रतिलिपि ।
६. कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पत्ति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि ।
७. वडा कार्यालयको कृषक वर्गिकरण फारमको प्रतिलिपि ।

निवेदकको
दस्तखत
नाम, थरः

ठेगाना:
सम्पर्क नं.:
छाप:

## अनुसुचि २

| **मूल्याङ्कनका आधारहरु** | **पुर्णाङ्क** |
|---|---|
| १ सम्बन्धि उद्यम व्यवसायको तालिम लिएको एकाघर सदस्यको गणना | ५ |
| १.१ सात कार्य दिन भन्दा बढि लिएको भए | ५ |
| १.२ सात कार्य दिन भन्दा कम लिएको भए | ३ |
| २. पेश गरेको कार्ययोजना | १५ |
| ३. उक्त स्थानमा व्यवसायको सम्भाव्यता /उपयूक्तता | १५ |
| ४.वास्तविक लक्षित वर्ग(दलित,जनजाति,महिला,अल्पसंख्यक, सिमान्तकृत,अपाङ्गता | १० |
| ५. समूह सहकारी | ५ |
| **जम्मा** | **५०** |

## अनुसूचि -३

## सम्झौता पत्र

गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको ................................को कार्यक्रम अनुसार आ.व. ..................मा सञ्चालन हुने ....................कार्यक्रमका लागि छनौट भएका कृषि फार्म/कृषक समूह/समिति/कृषि सहकारी ............(यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) र गण्डकी गाउँपालिकाको सम्बन्धित कृषि विकास/पशु सेवा शाखा ......................(यस भन्दा पछाडि पहिलो पक्ष भनिने) बीच तपशीलका शर्तमा रहि कार्यक्रम सञ्चालन गर्न द्विपक्षीय सम्झौता भएको छ ।

तपशील

१. कार्ययोजना अनुसार कार्यक्रम र क्रियाकलाप तोकिएको अवधि.....................मा सम्पन्न गर्नु दोश्रो पक्षको जिम्मेवारी हुनेछ ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई कार्यक्रम सञ्चालनको लागि दिनुपर्ने अनुदान रकम कृषि फार्म/कृषक समूह/कृषि समिति/कृषि सहकारी आदिले खोलिएको खातामा जम्मा गर्नेछ रकम सम्झौता अनुसारको काम सम्पन्न भईसकेपछि मात्र उपलब्ध गराईनेछ ।

३. पहिलो पक्षबाट तोकिएको प्राविधिक बिषय बस्तुलाई दोश्रो पक्षले अनिवार्य पालना गर्नुपर्नेछ ।

४. पहिलो पक्षबाट प्राप्त हुन आएको अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तिमा पनि ५ बर्ष सम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाईएमा रकम निजहरुको सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरिनेछ ।

छ. पहिलो पक्षले अनुदान प्राप्त गर्नेको नियमित अनुगमन गर्ने छ ।

ट. दोश्रो पक्षले चौमासिक रुपमा प्रगति बिवरण सम्बन्धित गण्डकी गाउँपालिकाको कृषि विकास तथा पशु सेवा शाखामा बुझाउनु पर्नेछ ।

७. यस सम्झौतामा उल्लेखित कार्य गर्दा भै परि आउन सक्ने कुनै पनि भबितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयमले जिम्मेवारी हुने छ ।

प्रथम पक्ष दोश्रो पक्ष

गण्डकी गाउँपालिकाको तर्फबाट दस्तखत गर्नेको

नाम : नामः

पद : पदः

दस्तखत : दस्तखतः

मिति : मितिः

कार्यालयको छाप संस्थाको छाप

रोहवर

**अनुसूचि -४**

**कृतिम गर्भाधान रेकर्ड कार्ड**

| | | | | | |
|---|---|---|---|---|---|
| कृषक नाम | | सिमेनको पहिचान | | कृषकको सम्पर्क नम्बर | |
| पशुको चिन्ह | | सिमेनको प्याकिङ्ग समय | | | |
| पशुको उमेर | | | | | |
| बालि खोजेको मिति | | ए.आई. कर्ताको नाम | | | |
| बालि खोजेको समय | | ए.आई. कर्ताको लाइसेन्स नम्बर | | | |

**अनुसुचि ५**

व्यवसायिक पशुपालन कार्यक्रमको संक्षिप्त कार्ययोजना

१. संस्था संक्षिप्त विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| संस्था स्थापना भएको मिति र निकाय | |
| संस्था दर्ता भएको मिति र निकाय | |
| संस्थाको टेलिफोन नम्बर | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको मोवाइल , टेलिफोन नं. | |
| इमेल | |

२. संस्थामा आवद्ध सदस्यको नाम, पालेको पशु संख्या र उत्पादन विवरण (छुट्टै पानामा संलग्न गर्न सकिने)

३. संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| विद्यमान वित्तीय, मानविय र भौतिक श्रोतको विवरण | |

४. कार्यक्रम संचालन सम्बन्धि समस्या, औचित्य, उद्धेश्य तथा लाभान्वित घर परिवार संख्या

| | |
|---|---|
| संस्थाले भोगेका वा अनुभूत गरेका व्यबसायगत समस्या | |
| कार्ययोजना किन र केका लागि पेश गरिएको हो | |
| प्रस्तावित कार्यक्रमको उद्धेश्य | |
| लाभान्वित घर परिवार संख्या | |

५. कार्यक्रम सन्चालन प्रकिया

| | |
|---|---|
| प्रस्तावित कार्यक्रम कसरी सन्चालन गरिन्छ | |

६. कार्यक्रमबाट हासिल हुने उपलब्धिहरु

| | |
|---|---|
| कार्यक्षेत्र विस्तार | |
| उत्पादन वृद्धि ( दैनिक, मासिक, बार्षिक परिमाण -मे.ट.) | |
| जिविकोपार्जन तथा जिवन स्तरमा सुधार | |
| रोजगारी तथा आर्थिक अवस्थामा सुधार | |

आर्थिक प्रस्ताव

प्रस्तावित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण

| क्र.स. | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर (रु) | कुल लागत(रु) | प्रस्तावको योगदान (रु) | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम .(रु) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा (रु) | | | | | | | | |

| | |
|---|---|
| मथि उल्लेखित विवरणहरु ठिक साँचो छ । झुठा ठहरे कानुन बमोजिम सजायको भागिदार हुनेछु । | |
| जिम्मेवारी पदाधिकारीको | |
| नामः | |
| पदः | |
| हस्ताक्षरः | |
| मितिः | |
| छापः | |

आवेदकको योगदानमा जग्गाको मूल्य र चालु खर्च समावेश गर्न पाइने छैन ।

आज्ञाले,

नामः जित वहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत